प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास मन्त्रालय
प्रदेश नं. ३

फोन नं. ०५७-५२५१६८
Email: s3mopid@gmail.com
web: www.mopid.p3.gov.np

प.सं. ०७६/७७
च.नं. २९३

मितिः २०७६।०६।०८

विषयः अध्ययन/छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा ।

श्री सबै कार्यालय,
मन्त्रालय वा अन्तर्गत ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ३ को च.नं.५८७ मिति २०७६।०५।१८ को पत्रानुसार यसैपत्रसाथ संलग्न पत्रहरुमा उल्लेखित अध्ययन/छात्रवृत्ति कार्यक्रममा सबै कार्यालयबाट योग्यता पुगेका निजामती कर्मचारीलाई छात्रवृत्तिमा आवेदनका लागि मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संसोधन सहित) को दफा ४० ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७६।०५।०३ को बैठकबाट निर्णय भएको हुँदा विस्तृत व्यहोरा यसैसाथ संलग्न पत्रको छाँयाप्रति थान ४ बाट अवगत गरी उक्त कार्यक्रममा उपयुक्त उम्मेद्वार मनोनयनको लागि सिफारिश गरी यस कार्यालयमा पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७६।०६।०८

(कृष्णा श्रेष्ठ)
अधिकृत सातौं

बोधार्थ
क.अ.श्री मोहन बहादुर बस्नेत- मन्त्रालयको वेभसाइटमा अपलोड गरि दिनु हुन ।

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. ३

हेटौंडा, मकवानपुर

☎ ०५७-५२२३८५, ५२२३८७, ५२२३९७, ५२२८९७, ५२२८९८

प.सं.प्रशासन ३/०१/०७६/७७

च.नं. ४८६

मिति: २०७६/०५/१८

विषय – अध्ययन/छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा।

श्री सवै निकाय,
प्रदेश नं ३, हेटौंडा ।

संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको च.नं ७६ र ७७ मिति २०७६/०५/०३ को पत्रानुसार यसै पत्रसाथ संलग्न पत्रहरुमा उल्लखित अध्ययन/छात्रवृत्ति कार्यक्रममा सवै निकायवाट योग्यता पुगेका निजामती कर्मचारीलाई छात्रवृत्तिमा आवेदनका लागि मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९(संशोधन सहित) को दफा ४० ख को उपदफा(३) वमोजिम गठित समितिको मिति २०७६/०५/०३ को वैठक वाट निर्णय भएको हुँदा विस्तृत व्यहोरा यसैसाथ संलग्न पत्रको छायाँप्रति थान ४ वाट अवगत गरी उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयनको लागि सिफारिश गरी यस कार्यालयमा पठाउनुहुन आदेशानुसार अनुरोध गर्दछु ।

०७६/०५/१८

अनुप ढकाल

अधिकृत सातौं

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, नेपाल
दर्ता नं.: ५४३
मिति: ०७६/५/२२

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(जनशक्ति योजना तथा विकास शाखा)

visit Nepal 2020

पत्र संख्याः ज.यो.त.वि.शा. २०७६/२०७७

चलानी संख्याः ७६
मितिः- २०७६।०५।०३

दर्ता नं.: ९२३६
मिति: २०७६।५।१२

विषयः- JDS अध्ययन/छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा।

श्री सबै निकाय ।

तपसिल अनुसारको अध्ययन/छात्रवृत्ति कार्यक्रममा सबै निकायबाट योग्यता पुगेका निजामती कर्मचारीलाई छात्रवृत्तिमा आवेदनका लागि मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४० ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७६/०५/०३ को बैठकबाट निर्णय भएको हुदा उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

तपसिलः

| क्र. सं | अध्ययन/तालीम/सेमिनारको विषय | सिट संख्या | अध्ययन, तालिमको अवधि/ फारम भर्ने अन्तिम मिति | अवसर प्रदान गर्ने निकाय/ कार्यक्रम संचालन हुने मुलुक | आवश्यक योग्यता/ अन्य प्रासंगिक व्यहोरा | अध्ययन/तालीम वितरण गरिएका निकाय/निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| 1. | "The Project for Human Resource Development Scholarship by Japanese Grant Aid (JDS)" "Master's Degree "<br><br>Study | 20 seats | AY 2020-2021<br>2 years<br><br>Application Deadline:<br>1 November, 2019 | Government of Japan /Japan | • Should be Nepali nationals<br>• Should be between age group of 25-40 years as of April, 2020.<br>• Should have a Bachelor's degree (Those who will apply to Kyushu University) have to have a Bachelor's degree in Law)<br>• At least 3 years of work experience in Civil Service at the time of applications.<br>• Gazetted civil servants currently employed in ministries, agencies under ministries, constitutional bodies, courts<br>• Or civil servants (level 7 or above) originally recruited by the federal government and deputed/adjusted to provincial and local governments.<br>• A strong will to work for the development of Nepal after their return home<br>• Be in good Health.<br>• For further details. jdsnepal-1@jds21.com http://nepal.jds21.com/ | सबै निकायलाई खुला गर्ने । |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(जनशक्ति योजना तथा विकास शाखा)

visit Nepal 2020

पत्र संख्याः ज.यो.त.वि.शा. २०७६/२०७७

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2. | "The Project for Human Resource Development Scholarship by Japanese Grant Aid (JDS)" "Doctoral Degree"<br>**Study** | 2 seats | AY 2020-2021<br>3 years<br>Application Deadline: 10 January, 2020 | Government of Japan /Japan | • Should be Nepali nationals<br>• Should be between age group of 30-45 years as of April, 2020.<br>• Should hold a Master's degree including universities in Nepal<br>• At least 3 years of work experience in Civil Service at the time of applications<br>• Gazetted civil servants currently employed in ministries, agencies under ministries, constitutional bodies, courts<br>• Or civil servants (level 9 or above) originally recruited by the federal government and deputed/adjusted to provincial and local governments.<br>• A strong will to work for the development of Nepal after their return home<br>• Be in good Health.<br>• For further details. jdsnepal-1@jds21.com http://nepal.jds21.com/ | सबै निकायलाई खुला गर्ने । |

संलग्नः JDS Office Nepal बाट प्राप्त ब्रोसरहरु ।

(किरण थापा)
शाखा अधिकृत

बोधार्थ
श्री राष्ट्रिय योजना आयोग, आर्थिक विश्लेषण तथा बैदेशिक सहायता समन्वय शाखा, सिंहदरबार ।
श्री अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिंहदरबार ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदबार

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति, योजना तथा विकास शाखा)

visit Nepal 2020

पत्र संख्या: ज.यो.त.वि.शा. २०७६/२०७७ चलानी संख्या: ८०

## विषय : JDS Promotion Seminar सम्बन्धी सूचना !

जापान सरकारद्वारा जापानका विभिन्न विश्वविद्यालयमा Master's Degree र Doctoral Degree अध्ययन गर्नका लागि नेपाल सरकारका निजामती कर्मचारी (रा.प. श्रेणी/७ औं वा सो भन्दा माथीका तहका अधिकृतहरु) लाई प्रदान गरिने The Project for Human Resource Development Scholarship by Japanese Grant Aid (JDS) का सम्बन्धमा नेपालस्थित JDS Project Office ले उक्त छात्रवृत्ति कार्यक्रम, जापानका विश्वविद्यालय तथा Application Procedure/Research Plan लगायतका समग्र विषयमा विस्तृत जानकारी प्रदान गर्ने उद्देश्यले देहायको समय र स्थानमा Promotion Seminar कार्यक्रम गर्न लागेकोले उक्त कार्यक्रममा सबै इच्छुक निजामती कर्मचारीलाई उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै, निजामती सेवा ऐन ,२०४९ दफा ४० ख (३) बमोजिम गठित समितिको मिति २०७६/०५/०३ गते बसेको बैठकले उक्त अध्ययन/छात्रवृत्ति कार्यक्रममा आवेदन दिन सबै निकायलाई खुला गरेको हुँदा सोही बमोजिम नेपाल सरकारका सबै निकायहरुमा पत्राचार पनि गरिएको छ ।

देहाय:

क) मिति: बुधवार, २०७६ भाद्र ११ (**28 August, 2019**)
समय: ११:००- १:००
स्थान: सभाहल, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

ख) मिति: बुधबार, २०७६ भाद्र १८ (**04 September, 2019**)
समय: ११:००- १:००
स्थान: सभाहल, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

ग) मिति: बुधबार, २०७६ असोज १ (**18 September, 2019**)
समय: ११:००- १:००
स्थान: सभाहल, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

(किरण थापा)
शाखा अधिकृत

वोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा, स.मा.त.सा.प्र.मन्त्रालय : वेवसाइटमा अपलोड गरिदिन हुन ।

श्री आन्तरिक व्यवस्थापन शाखा, सं.मा.त.सा.प्र.मन्त्रालय:उपर्युक्त मिति र समयमा सभाहल बुकिङ्ग सम्बन्धी व्यवस्था हुन।

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति योजना तथा विकास शाखा)

visit Nepal 2020

पत्र संख्याः ज.यो.त.वि.शा. २०७६/२०७७

चलानी संख्याः ७७

मितिः- २०७६।०५।०३

विषयः- GRIPS Masters/Ph.D. अध्ययन/छात्रवृत्तिमा मनोनयन गर्ने सम्वन्धमा।

श्री सबै निकाय ।

तपसिल अनुसारको अध्ययन/छात्रवृत्ति कार्यक्रममा सबै निकायले योग्यता पुगेका निजामती कर्मचारी मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७६/०५/०३ मा बसेको बैठकबाट निर्णय भएकोले उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि मनोनित कर्मचारीको नाम, सम्पर्क नं र ईमेल ठेगाना आवश्यक कार्यार्थ अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनि निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

| क्र सं | अध्ययन/तालीम/ सेमिनारको विषय | सिट संख्या | अध्ययन, तालिमको अवधि/ फारम भर्ने अन्तिम मिति | अवसर प्रदान गर्ने निकाय/ कार्यक्रम संचालन हुने मुलुक | आवश्यक योग्यता/ अन्य प्रासंगिक व्यहोरा | अध्ययन/तालीम वितरण गरिएका निकाय/निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| 1 | "Master's Programs" | | starts on Fall 2020 | GRIPS/Japan | • for the detials www.grips.ac.jp/en/admissions/index/ email-admissions@grips.ac.jp | सबै निकायले योग्यता पुगेका निजामती कर्मचारी मनोनयन गर्ने |
| 2 | "5-Years Ph.D Programs" | | starts on Fall 2020 | GRIPS/Japan | • for the detials www.grips.ac.jp/en/admissions/index/ • email-admissions@grips.ac.jp | सबै निकायले योग्यता पुगेका निजामती कर्मचारी मनोनयन गर्ने |
| 3 | "3- Years Ph.D Program'" | | starts on Fall 2020 | GRIPS/Japan | • for the detials www.grips.ac.jp/en/admissions/index/ • email-admissions@grips.ac.jp | सबै निकायले योग्यता पुगेका निजामती कर्मचारी मनोनयन गर्ने |

संलग्नः आयोजकबाट प्राप्त ब्रोसरहरु ।

(किरण थापा)

शाखा अधिकृत

बोधार्थ

श्री राष्ट्रिय योजना आयोग, आर्थिक विश्लेषण तथा बैदेशिक सहायता समन्वय शाखा, सिंहदरबार ।

श्री अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिहंदरबार ।

श्री परराष्ट्र मन्त्रालय, सिंहदबार ।